मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

भूकम्पको जोखिमबाट बच्ने उपाय

- भूकम्पको जोखिम र त्यसबाट बच्ने उपायबारे जानकारी आदान प्रदान गरौं,
- घरभित्रका फर्निचर, सजावटका सामान, पानी ट्यांकी नह्ल्लने र नखस्ने गरी बलियोसँग राखौं,
- घर, स्कूल तथा कार्यालयमा भूकम्पको समयमा सुरक्षित रहन सकिने स्थानको पहिचान गरौं,
- भूकम्पको समयमा आत्तिएर भाग्ने वा दगुर्ने नगरौं,
- भूकम्पको बेला खुल्ला र सुरक्षित स्थानमा जाऔं,
- प्राथमिक स्वास्थ्य उपचारको विषयमा जानकारी राखौं,
- आफू सुरक्षित भई अरुको सुरक्षामा ध्यान दिऔं ।

नेपाल सरकार विज्ञापन बोर्ड

◆ वर्ष : २९ ◆ अङ्क : ६१ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८० माघ ३ गते बुधवार (Wednesday, Jan 17. 2024) नेपाल सम्वत् ११४४ Web : www.purwanchaldaily.com ◆ मूल्य रु : ५/- भारतमा भारु : ४/-

हुण्डी कारोबारमा दुई जना पक्राउ

काठमाडौं, माघ २। हुण्डी कारोबारमा संलग्न रहेको अभियोगमा दुई जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा काभ्रेपलान्चोक चौरीदेउराली गाउँपालिका-५ घर भई काठमाडौं कपन बस्ने ३९ वर्षीय भिमसेन गौतम र चितवन राप्ती नगरपालिका-४ घर भई काठमाडौं सुकेधारा बस्ने ४२ वर्षीय राजु गौतम रहेका छन् ।

काठमाडौं महानगरपालिका-२२ महाबौद्ध एरियामा भिमसेन गौतम समेतका व्यक्तिहरूले नेपाल राष्ट्र बैंकबाट जारी भएको निर्देशन विपरीत हुण्डीमार्फत वित्तिय कारोबार गरिरहेको भन्ने सूचनाको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले उक्त कार्यमा संलग्न दुवै जनालाई काठमाडौं महाबौद्धबाट पक्राउ गरेको हो ।

भिमसेनको साथबाट नगद ८ लाख रूपैयाँ, राजु गौतमको महाबौद्धस्थित राधाकृष्ण जनरल स्टोरबाट नगद ५ लाख ७५ हजार रूपैयाँ र ७ लाख ९७ हजार रूपैयाँ उल्लेखित विभिन्न बैंक तथा सहकारीहरूको १७ वटा चेक समेत प्रहरीले बरामद गरेको छ । उनीहरूलाई आवश्यक कारवाहीको लागि जिल्ला प्रहरी परिसर काठमाडौं पठाइएको छ ।

त्यस्तै कर्तव्य ज्यान सम्बन्धी मुद्दामा सर्वश्रुवसहित जन्मकैद सजाय भएका फरार प्रतिवादी धादिङ ज्वालामुखी गाउँपालिका-१ बस्ने ७० वर्षीय सूर्यबहादुर दवाडीलाई २१ वर्षपछि सोमबार प्रहरीले पक्राउ गरेको छ ।

२०५९ फागुन २८ गते ज्वालामुखी गाउँपालिका-१ स्थित घर

(बाँकी अन्तिम पृष्ठमा)

नसर्ने रोगको उपचार सेवालाई विस्तार गरिँदै

काठमाडौं, माघ २। सरकारले नसर्ने रोगका कारण हुने सामाजिक र आर्थिक भार तथा मानवीय क्षतिलाई कम गर्न उपचार सेवाको पहुँचलाई विस्तार गर्ने लक्ष्य लिइएको छ ।

यसका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले बहुक्षेत्रीय कार्ययोजना र रणनीति कार्यान्वयनमा ल्याएको छ । पछिल्लो समय मुटु , पक्षघात, उच्च रक्तचाप, क्यान्सर, मधुमेह, दम जस्ता रोगीको संख्या बढ्दै गएको जनाइएको छ ।

राष्ट्रियसभा, राष्ट्रिय सरोकार तथा समन्वय समितिको मंगलवारको बैठकमा मन्त्रालयका सचिव डा. रोशन पोखरेलले प्राथमिक सेवाद्वारा रोगको प्रभावकारी तथा स्रोतले भ्याउन सक्ने रोकथाम तथा उपचारलाई सरकारले प्राथमिकतामा राखेको जानकारी दिए । नसर्ने रोगको उपचारमा एकरुपता, समयमै गुणस्तरीय निदान, रोकथाम तथा नियन्त्रणका लागि परामर्श, स्वास्थ्य संस्था, विद्यालय र समुदायबीच समन्वय तथा स्वास्थ्य सेवामा समतामूलक पहुँच र कार्यदक्षता बढाउने रणनीतिको उद्देश्य रहेको छ ।

एक व्यक्तिबाट अर्को व्यक्तिमा नसर्ने, सूक्ष्म जीवाणुका माध्यमबाट नहुने रोगलाई साधारणतया नसर्ने रोग भन्ने गरिन्छ । विश्व स्वास्थ्य सङ्गठनका सदस्य राष्ट्रले नसर्ने रोगका कारण हुने अल्पायु मृत्यु सन् २०२५ सम्ममा २५ प्रतिशतले घटाउने लक्ष्य लिएका छन् । दिगो विकास लक्ष्यले समेत एक तिहाइ नसर्ने रोगका कारणले हुने



मृत्यु घटाउने लक्ष्य लिएको छ । उक्त लक्ष्य प्राप्तिका निम्ति सदस्य राष्ट्रले विभिन्न रणनीतिक कार्ययोजना र अवधारणसहित मार्गचित्र कोरेका छन् ।

त्यस पक्षलाई ध्यान दिँदै नेपाले पनि नसर्ने रोगको रोकथाम र नियन्त्रणका लागि नीतिगत, रणीतिगत विभिन्न कार्ययोजना अघि सारेको छ । व्यक्तिको अल्पायुमै मृत्य हुने तथा स्वास्थ्य क्षेत्रमा धेरै धनराशिको खर्च गराउने यी रोगहरु पछिल्लो समय विश्वका प्रमुख महामारीका रुपमा देखापरिरहेको छ ।

लामो अवधि र साधारणतया सुस्त गतिमा प्रभाव पार्ने मुटु तथा रक्तनलीका रोग, मिर्गौला, मधुमेह, दीर्घ श्वासप्रश्वास र क्यान्सरलगायत नसर्ने रोगको सूचीमा पर्छन् । मोटोपन, रक्तचाप, रगतमा गुल्कोज, धुम्रपान तथा सुर्तीजन्य पदार्थको प्रयोग र मद्यपान, अस्वस्थ्य

(बाँकी अन्तिम पृष्ठमा)

नसर्ने रोगको बोझ बर्षेनि बढ्दै

झापा, माघ २। नेपालमा नसर्ने रोगको बोझ बर्सेनि बढ्दै गएको अध्ययनले देखाएको छ ।

राष्ट्रियसभा अन्तर्गत राष्ट्रिय सरोकार तथा समन्वय समितिको मंगलबारको बैठकमा डा. रोशन पोखेलले मुटु सम्बन्धी रोग र मधुमेहको अवस्था भयावह बन्दै गएको तथ्यांक प्रस्तुत गरे ।

नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण (एनडीएचएस) ले सन् १९९७देखि २०१७ सम्म आइपुग्दा नसर्ने रोगको बोझ २० प्रतिशतबाट बढेर ५० प्रतिशत पुगेको देखाएको थियो ।

सन् २०२३सम्म आइपुग्दा मुटुसम्बन्धी रोग, मधुमेह क्यान्सर र मिर्गौला रोगका कारण यो दर उच्च भएको स्वास्थ्य सचिव डा. पोखेल बताउँछन् । एनडीएचएस २०१९ अनुसार वार्षिक ७१ प्रतिशत नेपालीको मृत्यु नसर्ने रोगका कारण हुने गरेको छ ।

स्टेप सर्वे २०१९को रिपोर्ट अनुसार नेपालमा नसर्ने रोगको ३० प्रतिशत हिस्सा मुटु सम्बन्धी रोगले ओगटेको छ, जसमा सबैभन्दा धेरै उच्च रक्तचाप छ । रिपोर्ट अनुसार २९.८ प्रतिशत पुरुष र

(बाँकी अन्तिम पृष्ठमा)

प्रहरीलाई कुटपिट गरेपछि...

झापा, माघ २। ठमेल क्षेत्रमा ड्युटी खटिएका एक प्रहरी जवानको टाउकामै 'किक' प्रहार भएको छ ।

मध्यरात मदिरा सेवन गरेको समूहले बर्दीकै प्रहरीको टाउकामा किक हान्नुका साथै मोबाइलसमेत फुटाईदिएको पाइएको छ ।

ड्युटीका प्रहरी जवानलाई नै कुटपिट गरेको आरोपमा तीन जनालाई पक्राउ गरेर मुद्दा चलाइएको छ ।

पक्राउ पर्नेहरुमा उदयपुरको ताप्ली गाउँपालिका-५ घर भएका ३३ वर्षीय पदम राई, नुवाकोटको ककनी गाउँपालिका-४ घर भएका ३२ वर्षीय अजय लामा र धादिङको खनियाबास गाउँपालिका-५ घर भएका २८ वर्षीय सुवास र अनिल भनेर चिनिने जीन गुरुङ छन् ।

उनीहरुले पुस ९ गते बिहानीपख ठमेलका सातघुम्तीस्थित १० एक्स क्लबको अगाडि प्रहरी जवान लोकबहादुर बुढामाथि आक्रमण गरेका थिए । मदिरा पिएर हो-हल्ला गर्दै हिँडेको अवस्थामा हो-हल्ला नगर्न भन्दा उनीहरुले प्रहरी जवान लोकबहादुरको टाउकामै किक प्रहार गरेका थिए ।

साथै यी तीन जनाको आक्रमणबाट प्रहरी जवान बुढाको भिभो कम्पनीको मोबाइलसमेत फुटेको थियो । हो-हल्ला गर्दै सार्वजनिक शान्तिमा खलल पुऱ्याएको र प्रहरीमाथि नै आक्रमण गरेको भन्दै तीन जनाविरुद्ध अभद्र व्यवहारको कसुरमा मुद्दा चलाइएको छ ।

पक्राउ परेकामध्ये जीन यसअघि डाँका मुद्दामा जिल्ला अदालत काठमाडौंबाट २ वर्ष कैद र २० हजार जरिवाना सुनाइएका व्यक्ति रहेको पाइएको छ । अजय लामा पनि यसअघि ठगी मुद्दामा ३ वर्ष कैद र ४० हजार रुपैयाँ जरिवाना सुनाइएको व्यक्ति रहेको खुलेको छ ।

बिर्तामोडको १०वटै वडामा आदिवासीको समिति

बिर्तामोड, माघ २। नेपाल लोकतान्त्रिक आदिवासी जनजाति महासंघको बिर्तामोडमा १० वटै वडामा वडा समिति गठनका लागि संयोजक एवम् सल्लाहकार सदस्य चयन गरिएको छ ।

नेपाली कांग्रेस बिर्तामोड नगर समितिको संयोजनमा जिल्ला पार्टी कार्यालयमा सम्पन्न भेलाले वडा समिति गठनका लागि पार्टीका वडा सभापतिलाई संयोजक चयन गर्दै सल्लाहकार सदस्य चयन गरेको हो ।

जसअनुसार वडा नं. १मा पार्टीका वडासभापति रघुनाथ सापकोटालाई संयोजक चयन गरिएको छ भने याम भुजेल सल्लाहकार रहेका छन् ।

यसैगरी वडा नं. २मा देवीप्रसाद खरेल संयोजक, तेजबहादुर सुब्बा सल्लाहकार, यसैगरी वडा नं. ३ मा प्रेमप्रसाद उप्रेती संयोजक एवम् रामकुमार राजवंशी र कुमार कन्दङ्वा सल्लाहकार, वडा नं. ४मा राम पौडेल संयोजक एवम् जलकुमार गुरुङ, घनश्याम चौधरी, नविन सिटौला, विष्णु मादेन लगायत सल्लाहकार रहेका छन् ।

यसैगरी वडा नं. ५ मा दीपक मेन्याङ्बो संयोजक, रमेश चौधरी र लबकुमार चौधरी सल्लाहकार, वडा नं. ६ मा आशिस बन संयोजक, सूर्यप्रसाद कन्दङ्वा र वीरेन मेचे सल्लाहकार, वडा नं. ७ मा मंगलसिं साँवा संयोजक, राधा सुब्बा सल्लाहकार, वडा नं. ८मा उत्तम कटुवाल संयोजक धर्म लक्सम्बा र चिरञ्जीवि कार्की सल्लाहकार, वडा नं. ९मा बासु अधिकारी संयोजक तिलरुपा श्रेष्ठ र आसिस लिम्बू सल्लाहकार एवम् वडा नं. १०मा मदन गुरुङ संयोजक र सल्लाहकारमा प्रभात मुखिया र सन्तोष गुरुङ सल्लाहकार सदस्य चयन गरिएको छ । भेलालाई प्रमुख अतिथिको रुपमा सम्बोधन गर्दै नेपाली कांग्रेस झापाका सचिव कृष्ण हुमागाँईले नेपालको प्रजातान्त्रिक आन्दोलनमा आदिबासी/जनजातिको महत्वपूर्ण भूमिका रहेको चर्चा गर्दै पार्टीभित्र क्रियाशील सदस्यता बढाएर सहभागिता खोज्न

(बाँकी अन्तिम पृष्ठमा)

चेक रिपब्लिक पठाउँछु भन्दै ठगी

झापा, माघ २। चेक रिपब्लिक पठाउने आश्वासन दिएर ठगी गरेको आरोपमा एकजना पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा मोरङको विराटनगर महानगरपालिका-११ का ३९ वर्षीय विकास राई रहेका छन् ।

उनले दिवान गिरीसहितलाई वैदेशिक रोजगारीका लागि चेक रिपब्लिक पठाउने आश्वासन दिएर प्रतिव्यक्ति १३ लाख रुपैयाँ लाग्ने बताएका थिए ।

प्रहरीका अनुसार राईले चेक रिपब्लिक पुगेपछि प्रतिष्ठित कम्पनीमा काम लगाइदिने र मासिक एक लाख ८० हजार तलब हुने बताएका थिए । त्यसका लागि उनले पीडितहरूबाट पटक-पटक गरी जम्मा एक लाख ८० हजार रुपैयाँ उठाएका थिए । उनलाई थप कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल पठाइएको छ ।

पुलमुनिबाट बालकको उद्धार

बिर्तामोड, माघ २। बिर्तामोडस्थित अधुवा खोलाको पुलमुनि बस्दै आएका एक जना बालकको उद्धार गरिएको छ ।

बिर्तामोड उद्योग वाणिज्य संघका महासचिव अर्जुनकुमार मैनाली लगायतको टोलीले पुलमुनिबाट बालकको उद्धार गरेको हुन् । अर्जुनधारा-५ कञ्चनबारी घर बताउने सेवलाल चौधरी र स्व. गीता चौधरीका छोरा १० वर्षीय छोरा आकाश चौधरीको मंगलवार उद्धार गरिएको थियो । विगत दुई महिनादेखि त्यही पुलमुनि र आसपास क्षेत्रमा बस्दै आएको सूचना पाए लगत्तै मैनाली लगायतले उनको उद्धार गरेको बताइएको छ । बालकको ठेगाना पत्ता लागेपछि अर्जुनधारा नगरपालिकाका नगर प्रमुख बलदेव गोम्देनलाई खबर गरिएको थियो । नगर प्रमुख गोम्देनको पहलमा नगरपालिकाले परिवारलाई बुझाउने गरी ती बालकको जिम्मा लिएको छ । अर्जुनधारा नगरपालिकाका नगर प्रहरीका कमाण्डर अइन्द्र तामाङ

(बाँकी अन्तिम पृष्ठमा)

करणी अभियोगमा पक्राउ

उदयपुर, माघ २। ४५ वर्षीया महिलालाई जबरजस्ती करणी गरेको अभियोगमा कटारी नगरपालिका-८ बेलटार मरुवा बस्ने ५० वर्षीय टंकबहादुर कार्कीलाई प्रहरीले पक्राउ गरेको छ ।

कार्कीले ती महिलालाई घर नजिकै पाखाबारीमा जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा इलाका प्रहरी कार्यालय कटारीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

चिया र अलैंची अनुसन्धान केन्द्रको काम अघि बढ्यो

इलाम, माघ २। इलाममा एकसाथ चिया र अलैंचीको अनुसन्धानका लागि चिया तथा अलैंची अनुसन्धान केन्द्र स्थापना हुने भएको छ ।

चिया र अलैंचीको उर्वरभूमि इलाममा यसको अनुसन्धान केन्द्र स्थापना हुने भएको हो । यसले चिया र अलैंचीको उत्पादन र गुणस्तरवृद्धिमा सहयोग पुग्ने छ ।

इलाम नगरपालिका-१ साँखेजुङका तीनजना दाहाल बन्धुहरूले यसका लागि निःशुल्क जग्गादान गरेका थिए । राष्ट्रिय व्यावसायिक कृषि अनुसन्धान कार्यक्रम अन्तर्गत अनुसन्धान केन्द्र स्थापना हुने भएको हो । जसका लागि जग्गा व्यवस्थापनको काम इलाम नगरपालिकाले गरिरहेको छ ।

इलाममा चिया उत्पादन हुन थालेको करिब एक सय ६० वर्षपछि चिया अनुसन्धानका लागि केन्द्र स्थापना हुने भएको हो । यसले जिल्लाका किसानमा खुशी छाएको छ । जग्गा प्राप्तिसँगै कार्यालय स्थापनाको काम शुरु भएको छ । जसमा पहिलो चरणमा भवन निर्माणका लागि १३ रोपनी

क्षेत्रफललाई सम्याइएको छ । सो स्थानमा भवन निर्माणका लागि ठेक्का समेत लागिसकेको इलाम नगरपालिकाका प्रमुख केदार थापाले बताए । चिया प्रशोधनतर्फ रु. २० लाखबराबरको रकमबाट काम भइरहेको छ ।

अनुसन्धान केन्द्रका लागि इलाम नगरपालिका-१ स्थित साँखेजुङमा ४२ रोपनी जग्गा व्यवस्थापन गरिएको छ । स्थानीय रेतनाथ दाहालले १३ रेपनी), मित्र दाहालले १४ रोपनी तथा देवी दाहालले १५ रोपनी जग्गा हस्तान्तरण गरेको इलाम नगरपालिका-४का वडाध्यक्ष तथा इलाम नगरपालिका प्रवक्ता नुतनदेव दुलालले जानकारी दिए ।

पहिलो चरणमा पर्खालका लागि तारबार र कार्यालय भवन निर्माण गरिने छ । अनुसन्धान केन्द्रका लागि एक सय रोपनीभन्दा बढी जमिन आवश्यक पर्ने बताइएको छ । ४२ रोपनी जग्गा प्राप्त भइसकेको र अब थप ५२ रोपनी जग्गा आवश्यकता छ । अन्य जग्गादाताले अनुसन्धान केन्द्रका लागि आवश्यक पर्ने जमिन समेत उपलव्ध गराउन पहल भइरहेको प्रवक्ता दुलालको भनाइ छ ।

इलाममा धेरै किसान चियामा आत्मनिर्भर छन् । उत्तिकै संख्यामा अलैंची किसान समेत छन् । विदेशी मुद्रा आजर्न गर्ने नगदेबालीमा पर्ने अलैंची र चियाको विकासका लागि एकैसाथ काम भइरहेको इलाम नगरपालिकाका प्रमुख थापाको भनाइ छ । नगरपालिकाले कृषिलाई प्राथमिकतामा दिए अनुसार नै केन्द्र स्थापना गर्न लागिएको हो ।

महँगो मूल्यमा अलैंची बिक्री भए पनि अलैंची मासिने क्रम नरोकिएकाले यसको खेती गर्ने किसानको संख्यामा कमी हुँदै गएको छ । अलैंचीको अनुसन्धान समेत यहीं गरिने भएपछि अब यससँग सम्बन्धित किसानको संख्या बढ्ने अपेक्षा छ । वि.सं. १९२०मा चिया रोप्न शुरु गरिएको इलाममा सरकारले अनुसन्धान केन्द्र स्थापना गर्न लागेको हो । केन्द्र स्थापना हुने भएपछि यहाँका किसानमा उत्साह थपिएको छ ।

चिया किसान किशोर खतिवडाले केन्द्र स्थापनापछि बीचबीचमा चियामा लाग्ने स-साना रोगको पहिचान हुने र उत्पादन बढाउन किसानलाई सहज हुने बताए । उनले हाल चिया प्राविधिकसमेत सिकिरहेको बताए । यसले प्राविधिकलाई थप दक्ष बनाउन मद्दत मिल्ने छ । अलैंची र चियामा लागि उत्पादनका हिसाबले इलाम महत्वपूर्ण र उर्वरभूमि मानिन्छ ।

इलाममा अनुसन्धान केन्द्र स्थापना पनि नेपाली चिया र अलैंचीको अनुसन्धान गर्न चाहनेका लागि सहज हुनेछ । स्वदेश र विदेशमा रहेका चिया अध्ययन, अवलोकन र अनुसन्धान गर्ने समेत आउने हुँदा जिल्लामा पर्यटकको संख्यामा वृद्धि हुने अपेक्षा छ ।

हार्दिक बधाई

मेची पेट्रोलियम डिलर्स एशोसिएशनका अध्यक्ष, सामाजिक तथा युवा व्यक्तित्व **श्री नवीन कोइराला** सगरमाथा यातायात प्रालिको हालै सम्पन्न साधारणसभाबाट अध्यक्ष पदमा सर्वसम्मत चयन हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै उहाँ लगायत निर्वाचित सम्पूर्ण पदाधिकारीहरुको कार्यकाल सफल र रचनात्मक बनोस् भन्दै हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

मेची पेट्रोलियम डिलर्स एशोसिएशन परिवार, झापा

बेलुन फुलाउँदा सिलिन्डर विस्फोट हुँदा...

झापा, माघ ३। बेलुन फुलाउने सिलिन्डर विस्फोट हुँदा झापामा एक जना गम्भीर घाइते भएका छन् ।

भापाको बिर्तामोड-७ स्थित वेल्स मोडल स्कूलमा बेलुन फुलाउने मेसिन विस्फोट हुँदा भारतीय नागरिक गणेश सहनी घाइते भएका हुन् । स्कूलले मंगलबार आयोजना गरेको शैक्षिक तथा खेलकुद कार्यक्रमको सजावटका लागि बेलुन फुलाउने क्रममा ग्यास भरिएको मेसिन विस्फोट हुँदा ५५ वर्षका भारतीय नागरिक सहनी गम्भीर घाइते भएका हुन् ।

उनलाई उपचारको लागि बीएण्डसी हस्पिटल बिर्तामोड पठाइएको र अवस्था चिन्ताजनक रहेको वडाध्यक्ष अविरल कृष्ण खरेलले जानकारी दिए । वडाध्यक्ष खरेलका अनुसार घाइतेको कम्मरमुनिको भाग क्षत्विक्षत अवस्थामा छ । विस्फोटमा उनको खुट्टा चुँडिएर झरेको छ । उनलाई थप उपचारका लागि उनका आफन्तले भारतको शिलगढी लगेको प्रहरीले जनाएको छ ।

उक्त सिलिन्डरको आवाजले विद्यालयमा कक्षा-९मा अध्ययनरत् १५ वर्षीया विद्यार्थी कुसुम तामाङको कानमा समस्या आएर बिएण्डसी अस्पताल भर्ना गरिएको प्रहरीले जनाएको छ ।

अन्तरमावि नकआउट फुटबल प्रतियोगिता शुरू

अर्जुनधारा, माघ ३। झापाको अर्जुनधारा-११ सालबारीस्थित महारानीगञ्ज माध्यमिक विद्यालयमा मंगलबारदेखि प्रथम कृष्णप्रसाद डाँगी स्मृति अन्तर माध्यमिक विद्यालय नकआउट फुटबल प्रतियोगिता शुरु भएको छ ।

विद्यालयको ६६औं वार्षिकोत्सवको अवसरमा विद्यालय अन्तर्गत रहेको बाल क्लबको आयोजनामा आयोजित उक्त प्रतियोगिताको प्रमुख अतिथि प्रतिनिधिसभाकी उपसभामुख इन्दिरा राना मगरले उद्घाटन गरेकी थिइन् ।

हाल अमेरिकामा रहेका स्थानीय अरुणकुमार डाँगी प्रायोजक रहेको प्रतियोगितामा महारानीगञ्ज मा.वि.सहित लक्ष्मी मावि, शनिश्चरे मावि, सिंहदेवी मावि, भानु मावि, अर्जुनधारा मावि, जनता मावि र कालिस्थान माविको सहभागिता रहने प्रधानाध्यापक मनबहादुर लिम्बूले जानकारी दिए । यही माघ १५ गते फाइनल खेल हुने प्रतियोगिताका विजेता र उपविजेता टिमले नगद पुरस्कार क्रमश २० हजार र १० हजारसहित शिल्ड, मेडल र प्रमाण-पत्र प्राप्त गर्ने छन् ।

त्यसैगरी प्रतियोगिताको लागि अर्जुनधारा-११का वडाध्यक्ष खगेन्द्रप्रसाद इङ्नामबाट ५० कार्टुन पानी र झापा जिल्ला फुटबल संघबाट दुई थान फुटबल विद्यालयलाई प्राप्त भएको बताइएको छ ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बोलप्रसाद कोइरालाको अध्यक्षतामा आयोजित उद्घाटन कार्यक्रममा प्रमुख अतिथि मगरले विद्यालयलाई ४० थान टिसर्ट प्रदान गरेकी थिइन् ।

कार्यक्रममा वडाध्यक्ष इङनाम, निवर्तमान वडाध्यक्ष भैरवबहादुर खड्का, विद्यालयका निवर्तमान अध्यक्ष रोहितमान ढकाल, प्रायोजक परिवारका सदस्य खगेन्द्रप्रसाद डाँगीलगायतले मन्तव्य राखेका थिए । शिक्षक सूर्यप्रसाद सापकोटाले स्वागत गरेको उक्त कार्यक्रमको सञ्चालन अर्का शिक्षक मणिलाल खड्काले गरेका थिए ।

यसैबिच सोही दिन सम्पन्न प्रतियोगिताको उद्घाटन खेलमा महारानीगञ्ज माविलाई ०-४ गोल अन्तरले पराजित गर्दै लक्ष्मी मावि विजयी भएको छ । लक्ष्मी माविको जितका लागि खेलको १९औं मिनेटमा प्रकाश रसाइली, २५औं मिनेटमा पवन कुलुङ राई, ३७औं मिनेटमा सन्तोष मुसहर र ५८औं मिनेटमा मञ्जित राईले गोल गरेका थिए ।

खेलको उत्कृष्ट खेलाडी घोषित पवन कुलुङ राईलाई झापा जिल्ला फुटबल संघका अध्यक्ष भगिरथ आले मामाले नगद पुरस्कार एक हजारबाट पुरस्कृत गरेका थिए । बुधबारको खेल शनिश्चरे मावि र सिंहदेवी माविबीच हुने शिक्षक प्रदीप बस्नेतले जानकारी दिए ।

हुण्डी ...

बारीमा सूर्यबहादुर दवाडीले अंश सम्बन्धी बिषयमा झगडा हुँदा आफ्नै श्रीमती सानुमाया दवाडीलाई कुटपिट गरी नाम्लोले घाँटीमा कसि हत्या गरेका कर्तव्य ज्यान सम्बन्धी मुद्दामा जिल्ला अदालत धादिङको २०६१ जेठ ५ गतेको फैसलाले सर्वश्वसहित जन्मकैद ठहर भएका फरार प्रतिवादी दवाडीलाई केन्द्रीय अनुसन्धान ब्यूरो महाराजगञ्जबाट खटिएको प्रहरीले रूपन्देही सिद्धार्थनगर नगरपालिका-१ बेलहियाबाट पक्राउ गरेको हो । उनलाई फैसला कार्यान्वयनको लागि जिल्ला अदातल काठमाडौंमा दाखिला गरेकोमा अदालतको आदेशले कैद भुक्तानको लागि केन्द्रीय कारागार जगनाथदेवल पठाइएको छ ।

पुलमुनिबाट ...

र नगर प्रहरी श्याम आचार्यले परिवारलाई बुझाउने गरी ती बालकको जिम्मा लिएका हुन् ।

बिर्तामोड उद्योग वाणिज्य संघको आसन्न निर्वाचनमा अध्यक्षका उम्मेदवार मैनाली, नेपाल उद्योग तथा व्यवसायी महासंघ बिर्तामोडका अध्यक्ष युवराज निरौला, बालबालिका तथा शिक्षा सञ्चार मञ्चका अध्यक्ष सरोज पौडेल, राइट एजुकेशन कन्सल्टेन्सीका नवीन बोहोरा, अटिर विवेक गिरीलगायतको उपस्थितिमा ती बालकलाई जिम्मा लगाइएको हो ।

नसर्ने ...

खानपिन, पर्याप्त शारीरिक गतिविधिजस्ता व्यवहारले यी रोग निम्त्याउँछ ।

नसर्ने रोगकै कारण ७१ प्रतिशत मानिसको मृत्यु हुँदै आएको छ । २१ प्रतिशत भने विभिन्न सरुवा रोगबाट मानिसको ज्यान जाने मन्त्रालयको भनाइ छ । बाँकी दैवीप्रकोप, दुर्घटना र आत्महत्या जस्ता विभिन्न कारणबाट मानिसको ज्यान जाने गर्छ । एक तथ्याङ्क अनुसार १७ प्रतिशत महिला र २९.८ प्रतिशत व्यक्तिले कुनै न कुनै प्रकारको तनाव झेल्नु परेको भए ता पनि त्यसमध्ये ९० प्रतिशतले कुनै उपचार नगराउने गरेको सचिव डा. पोखरेलले बताए ।

यसैबीच, आगामी सन् २०३० सम्ममा मधुमेहले गर्दा लाग्ने रोगका कारण मृत्यु हुनेको संख्या बढेर ११ प्रतिशतसम्म पुग्ने अनुमान गरिएको छ । लगभग ९६.७ प्रतिशत मानिस सिफारिस अनुसार खानुपर्ने सागसब्जी र फलफूल खँदैनन् । नसर्ने रोगका प्रमुख कारकमा शारीरिक निष्क्रियता, धुम्रपान, मद्यपानको प्रयोग र अस्वस्थ्य खानपान नै हुन् । नसर्ने रोगका लागि मानिसका लागि प्रभावकारी तथा समतामूलक रोकथाम, उपचार तथा हेरचाह भएको जनाइएको छ ।

मन्त्रालयका अर्का सचिव देवकुमारी गुरागाईंले राज्यबाट प्रदान गरिने स्वास्थ्य उपचार सम्बन्धी सेवा र सुविधाबारे अझै धेरैलाई थाहा नभएकाले प्रचारप्रसारको व्यापक आवश्यकता भएको बताउँदै उपलब्ध जनशक्ति र पूर्वाधारको अधिकतम प्रयोग गर्नेमा राज्यको ध्यान जान जरुरी रहेको धारणा राखे । समिति सभापति दिलकुमारी थापाले सरकारको नीति कार्यान्वयन गर्ने सिलसिलामा कहीँ कतै समस्या र अड्चन भएमा समिति बाटो फुकाउन हरदम तयार रहेको विश्वास दिलाए ।

नसर्ने रोगको ...

१९.७ प्रतिशत महिलामा उच्च रक्तचापको समस्या देखिएको छ । उच्च रक्तचाप देखिएकामध्ये ९०.५ प्रतिशतले उपचार नगरेको पाइएको छ । यो तथ्यांक चुनौतिपूर्ण भएको डा. पोखेल बताउँछन् ।

त्यस्तै, नसर्ने रोगमध्ये चार प्रतिशत जनसंख्याको मृत्युको कारण मधुमेह देखिएको छ । यो दर सन् २०३० सम्म ३० प्रतिशत पुग्ने स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको आँकलन छ । त्यस्तै, सुर्तीजन्य पदार्थको प्रयोग, अस्वस्थ खानपान, मोटोपना, मद्यपान, वायु प्रदूषण जस्ता कारण पनि नसर्ने रोगका प्रमुख कारक बनिरहेको मन्त्रालयको तथ्यांक छ ।

हाल नेपालको जनसंख्यामध्ये २८.९ प्रतिशतले सुर्तीजन्य पदार्थको सेवन गर्ने गरेको र यो श्वासप्रश्वासजन्य तथा क्यान्सरको प्रमुख कारण बनेको मन्त्रालयको तथ्यांक छ । ९६ प्रतिशत नेपालीले भने पर्याप्त मात्रामा सागसब्जी र फलफूल नखाने गरेको पाइएको छ । ५३.६ प्रतिशतले सिफारिस अनुसार व्यायाम गर्दैनन् भने २४.३ प्रतिशत जनसंख्यामा तौल बढी रहेको छ । २०.८ प्रतिशतले मद्यपान गर्नु पनि नसर्ने रोगको अर्को मुख्य कारण भएको मन्त्रालयको तथ्यांक छ ।

बिर्तामोडको ...

आदिबासी/जनजातिलाई आग्रह गरे ।

महासंघको वडा समिति गठन एवम् क्षेत्रीय प्रतिनिधि चयनका विषयमा जानकारी दिँदै नेपाल लोकतान्त्रिक आदिबासी/जनजाति महासंघ झापाका कार्यबाहक अध्यक्ष दिलकुमार नेम्बाङले प्रत्येक वडाबाट ६ जना क्षेत्रीय प्रतिनिधि चयन हुने र वडा सभापति विधानत पदेन क्षेत्रीय प्रतिनिधि हुने बताए ।

नेपाली कांग्रेस बिर्तामोड नगर समितिका सभापति भोजराज सिटौलाको सभापतित्वमा सम्पन्न कार्यक्रममा सहजीकरण सचिव दिवाकर प्रसाईंले गरेका थिए । कार्यक्रममा नेपाली कांग्रेस महासमिति सदस्य राधा सुब्बा, २ नम्बर क्षेत्रीय सभापति खगेन्द्र मैनाली, बिर्तामोड-६ का वडाध्यक्ष सूर्य कन्दङ्वा, बिर्तामोड-४का पूर्व वडाध्यक्ष कुलप्रसाद संग्रौला, नेपाल उद्यमशिल महिला संघ झापा अध्यक्ष पार्वता खरेल बिमली लगायतको उपस्थिति रहेको थियो ।

कटेजसहित होटल बिक्रीमा

बिर्तामोड-२ रामचौकस्थित KTM शोरुमसंगै गार्डेन, पार्किङ फेमिली वातावरण भएको २ कठ्ठा क्षेत्रफलमा कम्पउण्ड बालसहित चालू अवस्थामा रहेको कटेजसहित होटल विक्रीमा रहेकोले इच्छुकले तु-सम्पर्क गर्नुहोला ।

सम्पर्क: ९८१६९०६५८१, ९८०१४५६२३६

गोसा झापालीको नौलो प्रस्तुति "नीलि" पुस्तक खोजी खोजी पढौं ।

सम्पर्क: ९८४२६३७४९८

जग्गा बिक्रीमा

झापाको पर्यटकीय स्थल जामुनवारी सिमसार क्षेत्रमा उत्तर मोहडा ३५ फुट मुख भएको दश धुर जग्गा बिक्रीमा छ । इच्छुकले सम्पर्क गर्नुहोला ।

मो. ९८४९०६००९९

राहदानी हरायो

इलामबाट बिर्तामोड जाने क्रममा यही मिति २०८०।०८।०१ गते मेरो निम्न व्यहोराको राहदानी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा बुझाई दिनुहुन अनुरोध छ ।

नाम:- हरि बस्नेत
ठेगाना:- फाकफोकथुम-६, इलाम
हाल: फाकफोकथुम-२, इलाम
राहदानी नं.:- ०९३१११७०

बिमालेख हरायो

बिर्तामोडबाट सैनिकमोड जाने क्रममा यही मिति २०८०/०९/०१ गते मेरो निम्न व्यहोराको लाइफ इन्स्योरेन्स कर्पोरेशन नेपाल लिमिटेडको पोलेसी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम:- शिक्षा सेपाँ
ठेगाना:- बिर्तामोड-३, झापा
पोलेसी नं.:- २०००२१२१८
कम्पनी नाम: लाइफ इन्स्योरेन्स कर्पोरेशन नेपाल लिमिटेड

बिमालेख हरायो

बिर्तामोडबाट सुरुङ्गा जाने क्रममा यही मिति २०८०/०८/०१ गते मेरो निम्न व्यहोराको एशियन लाइफ इन्योरेन्स लिमिटेडको पोलेसी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम:- सुभायुजंग थापा
ठेगाना:- बिर्तामोड-३, झापा
पोलेसी नं.:- ५९१९००२४६८४
कम्पनी नाम: एशियन लाइफ इन्स्योरेन्स कम्पनी

बिमालेख हरायो

बिर्तामोडबाट सुरुङ्गा जाने क्रममा यही मिति २०८०/०८/०२ गते मेरो निम्न व्यहोराको एशियन लाइफ इन्योरेन्स लिमिटेडको पोलेसी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम:- सयमजंग थापा
ठेगाना:- बिर्तामोड-३, झापा
पोलेसी नं.:- ५९१९००२४६८१
कम्पनी नाम: एशियन लाइफ इन्स्योरेन्स कम्पनी

कर्मचारी आवश्यकता

यस पूर्वाञ्चल दैनिक पत्रिका वितरण गर्नका लागि अर्जुनधारा क्षेत्रमा एक जना वितरक आवश्यकता परेकोले आफ्नै साइकल भएको स्थानीय व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।

नोट: काम गर्नुपर्ने समय बिहान ६:३० बजेदेखि बिहान ७:०० बजेसम्म

सम्पर्क :- ९८१६९८१०१७, ९८४२६३४७४०

श्री लक्ष्मी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, बिर्तामोड-०४, झापाको

तपसिल बमोजिमका ऋणी सदस्य तथा जमानतकर्तालाई धितो लिलामी सम्बन्धी७ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८०।१०।०३

यस संस्थाबाट तपसिल बमोजिम शीर्षक अन्तरगत कर्जा लिनुभएका तपसिलका ऋणी सदस्यले संस्थासँग भएको सम्झौता तथा कर्जा भुक्तानी तालिका बमोजिम कर्जाको साँवा, ब्याज र अन्य दस्तुर नतिरी नबुझाई बाँकी राख्नुभएको तथा निजहरुलाई संस्थाको तर्फबाट पटक-पटक लिखित तथा मौखिक ताकेता गर्नुका साथै पूर्वाञ्चल दैनिक पत्रिकामा क्रमश: मिति २०८०/०८/०९ र २०८०/०९/१५ गते ३५ दिने र १५ दिने धितो लिलामी सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गर्दा पनि तपाई ऋणीहरुले संस्थालाई तिर्नु पर्ने साँवा, ब्याज तथा हर्जना लगायतका अन्य दस्तर चुक्तागर्न अनुरोध गर्दा समेत आजका मितिसम्म उक्त कर्जा चुक्ता गर्नेतर्फ कुनै चासो नदेखाई बेवास्ता गरी बसेकोले धितो सुरक्षण रहेको तपसिलमा लेखिएको अचल सम्पत्ति, घर जग्गा तथा अन्य निर्माण कार्यहरु लगायतका सम्पूर्ण लिगलगापातहरु जे जस्तो अवस्थामा छ । सोही अवस्थामा लिलाम बिक्री गर्ने सहकारी नियमावली २०७५को नियम ३० को उपनियम १(ख) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । यस सूचनामा उल्लेखित म्यादभित्रमा पनि कर्जा चुक्ता नगरेमा कर्जा सुरक्षणार्थ लेखिएको यस संस्थामा धितो सुरक्षण वापत रहेको अचल सम्पत्ति सहकारी ऐन २०७४को दफा ७९, सहकारी नियमावली २०७५ को नियम ३० तथा संस्थाको कर्जा लगानी तथा असुली आन्तरिक कार्यविधि तथा अन्य प्रचलित नियम बमोजिम लिलाम बिक्री गर्ने भएकोले निम्नानुसारको सावाा, ब्याज, हर्जाना तथा अन्य दस्तुरहरु समेतको रकमहरु लिलामी हुने दिन सम्मको ब्याज तथा हर्जाना समेत निजले यस संस्थालाई सुरक्षण बापत लेखिदिएको तपसिलमा उल्लेख भएको घर जग्गा यो सूचना प्रकाशित भएको मितिले ७ औं दिनमा यस संस्थाको केन्द्रीय कार्यलय बिर्तामोडमा बिहान १० बजे देखि ४ बजेसम्म लिलामी गरिने भएकोले तपसिल बमोजिमको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत यथास्थितिमा लिलाम बडाबड गर्न आउनुहुन यो सूचना प्रकाशिता गरिएको छ । लिलाम प्रक्रिया सम्बन्धमा अन्य कुराको जानकारी चाहिएमा यस संस्थामा आई बुझ्न सकिने छ । सम्बन्धित ऋणीहरुका प्रतिनिधिहरुलाई समेत इच्छा भएमा लिलाम हुने मिति, स्थान र समयमा उपस्थित हुन समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

तपसिल

क्र.सं.	ऋणीको नाम थर	ठेगाना	तिनपुस्ते बिवरण	न. प्र. न. जारी मिति	ऋण लिएको मिति	जग्गाधनीको बिवरण	जग्गाको ठेगाना	कित्ता नम्बर	क्षेत्रफल
१.	खड्ग कुमारी भट्टराई	बिर्तामोड-०४	बुबा : कुमार भट्टराई हजुरबुबा : नन्दिकेशर भट्टराई	२३१११/०४४ जारी मिति: २०५२/०१/०३	२०७६/०५/०४	नाम : खड्ग कुमारी भट्टराई । बुबा : कुमार भट्टराई हजुरबुबा : नन्दिकेशर भट्टराई	अनारमनी-०४	२००	३४०
२.	राजकिशोर सिंह	चकचकी-०३	बुबा : सत्यनारायण सिंह हजुरबुबा : गोपाल सिंह	०४३०२१/८९९ जारी मिति:	२०७६/०४/२१	नाम : राजकिसोर सिंह । बुबा: सत्यनारायण सिंह हजुरबुबा : गोपाल सिंह	चकचकी- ०३	८५०	४३५.९८
३.	तुलसी फ्याल	अर्जुनधारा-६	बुबा : मोहन लाल फुयल हजुरबुबा : अभिनारायण फुयल	२७७१/१९७६ जारी मिति: २०६०/०५/१५	२०७७/०९/२३	नाम : तुलसी फुयल । बुबा : मोहन लाल फुयल हजुरबुबा : अभिनारायण फुयल	शनिश्चरे- ०८ चन्द्रगढी-०२	७३७२ १४०८	३३८.६३ ३२१७.०८
४.	गणेश बहादुर खडका	शनिअर्जुन-७	बुबा : देबि बहादुर खडका हजुरबुबा : अमर बहादुर खडका	६९७१३९२४ जारी मिति: २०३८/०९/२९	२०७२/१०/२३	नाम : गणेश बहादुर खडका । बुबा : देबि बहादुर खडका हजुरबुबा : अमर बहादुर खडका	अर्जुनधारा-६	३८१६	२८३.६१
५.	सुकमाया योन्जन	चारपाने-०१	बुबा : हर्क बहादुर घिसिङ हजुरबुबा :	२४३४० जारी मिति: २०५१/१०/०३	२०७३/०५/३०	नाम : सुकमाया योनजन । बुबा : हर्क बहादुर घिसिङ पति: पेमा योन्जन	पाराखोपी- ०८	३६९६	१६९.३२
६.	दल बहादुर कार्की भनिने गोबिन्द कार्की	बिर्तामोड-०४	बुबा : लोक बहादुर कार्की हजुरबुबा : जमान सिंह कार्की	८५२४१३४५५ जारी मिति: २०४४/१२/१४	२०७६/०५/०४	नाम : दल बहादुर कार्की भनिने गोबिन्द कार्की बुबा : लोक बहादुर कार्की हजुरबुबा : जमान सिंह कार्की	अनारमनी- ०४	२२६६	७३७.७०

लिलाम हुने मिति : २०८०/१०/०९ गते मंगलबार

समय बिहान १० बजेदेखि ४ बजे सम्म्

पुनश्च : उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै यस लिलामी सूचनाको म्यादभित्र शिघ्र कर्जा चुक्ता गरी आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नहुन पुन: अनुरोध गरिएको छ । अन्यथा तोकिएका दिन धितो लिलामीका शर्तहरु बमोजिम लिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पत्तिको मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत प्रत्यक्ष अवलोकनका लागि सुचित गरिन्छ । उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा संस्था आफैले सकार गर्दा साविकमा संस्थाबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा संस्था आफैले सकार गरी लिएमा पछि हाम्रो सम्पत्तिको उचित मूल्यांकन प्राप्त नभइ कम मूल्यमा विक्री भएको वा संस्था आफैले सकार गरी लियो भनी कहींकतै उजुर, बाजुर दावी बिरोध गर्न पाउनुहुने छैन । उक्त सम्पत्ति लिलाम विक्री गर्दा वा पुनमूल्यांकन गरी वा नगरी संस्था आफैले सकार गर्दा समेत संस्थाको सम्पूण लेना रकम असुल उपर नभई बाँकी रहेको ऋण तथा ब्यक्तिगत जमानी दिनेको अन्य श्रीसम्पत्तिबाट असुलउपर गरिने व्यहोरा समेत यसै सूचनाद्वारा थप जानकारी गराइएको छ ।

लिलाम सम्बन्धी शर्तहरु

१) लिलाम बढाबढ अन्तिमपटक सबैभन्दा बढी कबोल गर्ने व्यक्तिले आफूले बोलेको कूल रकमको १०% ले हुन आउने रकम नगद धरौटीवापत तुरुन्त यस संस्थामा बुझाउनु पर्ने छ । बाँकी ९०% लिलाम सकार गरेको मितिले ७ दिनभित्रमा बुझाई सक्नुपर्नेछ । सो म्यादभित्र बाँकी रकम नबुझाएमा धरौटी वापत राखेको रकम जफत हुनेछ ।

२) लिलाम सकार गरेको सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा लाग्ने सरकारी दस्तुर, राजश्व तथा अन्य शुल्क सकार गर्ने व्यक्ति आफैले व्यहोर्नुपर्नेछ ।

३) लिलाम तोकिएकै दिन खोलिनेछ तर सो दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन खोलिने छ ।

४) लिलाम बढाबढ गर्दा सोभन्दा बढी अंक बोल्ने व्यक्तिलाई धितो सुरक्षणको अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ ।

५) लिलाम हुने धितोको कागज, पञ्चकृत मूल्य तथा अन्य आवश्यक कुराहरु बुझ्न चाहने व्यक्तिले कार्यालय समयभित्र संस्थामा आई बुझ्न सक्नेछ ।

६) सहकारी नियमावली २०७५को नियम ३० बमोजिम लिलाम विक्री गर्नुपर्ने जायजेथा लिलाम गर्दा कसैले नसकारेमा उक्त सम्पत्तिको स्वामित्व संस्थाले आफूमा लिन सक्ने छ ।

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (५८४४६४२०५५/ ५८१७५५०२५५) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (५८४२६३४७४०) ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (५८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी ■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-५८०७५१०२२२/सञ्जय श्रेष्ठ ५८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

सम्पादकीय

अर्थतन्त्रका आधार स्तम्भको सन्तुलन आवश्यक

नेपाली अर्थतन्त्रका तीन आधार स्तम्भ रहेका छन्- निजी, सार्वजनिक (सरकारी) तथा सहकारी क्षेत्र । नेपालको संविधान २०७२ ले समाजवाद उन्मुख अर्थतन्त्रको आधार निर्माण गर्ने परिकल्पना गरिएको छ । हाम्रो संविधानले शिक्षा, स्वास्थ्य र रोजगारीलाई मौलिक हकको रूपमा स्थापित गरेको छ, तर राज्यको दृढचाहना र इच्छाशक्तिको कमीको कारण, पर्याप्त साधनस्रोतको अभावका कारण र आवश्यक कानूनी प्रबन्धको कमीका कारण संविधानमा लेखिएको मौलिक हक फगत शब्द जस्तो मात्र भएको छ । उद्योगधन्दा, कलकारखाना सञ्चालन गर्ने, बन्दव्यापार गर्ने काम कसको हो निजी क्षेत्रको वा सहकारी क्षेत्रको वा सरकारी क्षेत्रको हो भन्ने नेपाली अर्थव्यवस्थाको मूल प्रश्न हो । यो विषय संसारभरि नै आम बहसको विषय हुँदै आएको भए पनि सरकारी क्षेत्रको उपस्थितिको अपेक्षा गर्ने सोच नेपालमा नेपाली काग्रेस, एमाले लगायतका सबै दलहरुमा हावी भएको छ ।

राज्यले सबै उद्योगधन्दा खोल्ने र चलाउने गरे त राम्रै हो, तर व्यवहारमा त्यस्तो हुँदैन । तसर्थ उद्योग, कलकारखानाको स्थापना र प्रबर्द्धन गर्ने काम राज्यले गर्न सक्दैन । यतिबेला निजी क्षेत्रभित्र बढ्दै गएको असन्तुष्टिका कारण रोजगारी सृजनामा समस्या देखिएको छ । यतिबेला चुनौतीपूर्ण आर्थिक मन्दीको निर्णायक मोडमा नेपाल अहिले उभिएको छ । मुलुकमा केही गर्न सकिँदैन भन्दै दिनहुँ सयौं युवा विदेशिरहेका छन् । उनीहरू न्युजिल्याण्ड, अमेरिका, बेलायत, अष्ट्रेलियासँगै खाडी मुलुक र मलेसियामा आफ्नो श्रम बगाइरहेछन् । त्यहाँ उनीहरूले भोग्ने भुक्तमानका ठेलीकाठेली ग्रन्थ लेख्न सकिन्छ । हरेक दिन युवाका लाशहरू बाकसमा बन्द गरेर त्रिभुवन विमान स्थलमा उतारिन्छन् । यो दुश्चक्रबाट मुलुकले मुक्ति पाउने कुरा अहिले कल्पना पनि गर्न सकिँदैन । उत्पादनका दृष्टिले भव्य सम्भावना बोकेको प्रकृतिले हराभरा, भौगोलिक विविधताले बिछट्टै सुन्दर नेपाल अहिलेसम्म पनि गरिबी, अभाव र वेरोजगारीको भासमा भासिरहेको छ ।

राजनीतिक अस्थिरता, भ्रष्टाचार, बेथिति, विसंगतिबाट मुलुक मुक्त हुन सकेको छैन । युवा वर्गलाई पर्याप्त मात्रामा रोजगार सृजना गर्न राज्य हाललाई सक्षम छैन । यस्तो अवस्थामा राज्यस्तरबाट मात्र रोजगारको आशा गर्नुभन्दा स्वरोजगार सृजना गरे युवाशक्तिको पलायनलाई केही मात्रामा रोक्न सकिन्छ । एकातिर युवा जनशक्ति वैदेशिक रोजगारीमा गएका कारणले गाउँको खेतबारी बाँझो रहेको छ । उत्पादनका क्षेत्रमा क्रियाशील रहेका र स्वरोजगारमा भर्खरै पाइला चाल्न प्रयत्न गर्दै गरेका युवाहरूलाई आशाको दीप जलाएर अझै उत्प्रेरित बनाउन जरुरी छ । यतिबेला नेपालमा निजी क्षेत्र सुरक्षा र निष्पक्षता खोजिरहेको छ । उद्योगमैत्री वातावरण निर्माण गरी व्यावसायिकताको सुनिश्चितताका लागि राज्यले व्यापक समीक्षा र तत्काल सुधारहरू गर्न आवश्यक छ । यी बहुआयामिक चुनौतीहरूको बीचमा, रचनात्मक र सकारात्मक बहस महत्त्वपूर्ण छ । निराशाबाट मुक्तिका लागि सक्रिय समस्या समाधान आवश्यक छ र बिफलता र नोक्सानका कथालाई सफलताका कथामा परिवर्तन गर्न आवश्यक छ र यसका लागि निजी, सार्वजनिक र सहकारी तीनै क्षेत्रको सन्तुलित भूमिका रहनुपर्छ ।

राष्ट्रिय सभाको गरिमा

सुरेश आचार्य



राष्ट्रिय सभाका एकतिहाइ सदस्यका लागि यही माघ ११ गते निर्वाचन हुँदैछ। रिक्त १९ सदस्यका लागि ५२ जनाले उम्मेदवारी दिएका छन्। राष्ट्रिय सभा आफैंमा ५९ सदस्यीय संरचना हो। सात प्रदेशका आठ जनाका दरले ५६ जना र नेपाल सरकारको सिफारिसमा राष्ट्रपतिले नियुक्त गर्ने तीन जना समेतको राष्ट्रिय सभा हुन्छ। यसका मतदाता भनेका प्रदेशका तीन सय ३० सांसद र सात सय ५३ पालिकाका प्रमुख र उपप्रमुख हुन्। यसरी व्यक्तिगत रूपमा यो संख्या एक हजार आठ सय ३६ हुन्छ। मतको भार (मूल्य) भने फरक छ। प्रदेश सभाको एक सांसदको मत बराबर ५३, पालिकाका एक मतदाताको १९ मत हुन्छ। यसरी कुल मतको बहुमत पाउने सदस्य निर्वाचित हुने व्यवस्था छ।

राष्ट्रिय सभामा दलका उम्मेदवारको सूची हेरिसकेपछि विभिन्न टीकाटिप्पणी भइरहेका छन्। यस पटकको उम्मेदवारीमा आएको सामान्य टिप्पणी उनै नेता जो प्रतिनिधि सभा निर्वाचनमा हार व्यहोरे वा समानुपातिक सूचीमा रहेर निर्वाचित हुने अवसर पाएनन्, उनैका लागि फेरि घुमिफिरी अवसर आयो भन्ने छ। यो टिप्पणी सुनिरहँदा उनीहरू कुन पार्टीका र को होलान् भनेर धेरै गम खाई राख्नु पर्दैन। उनीहरू चिने/जानेका नेताहरू नै छन्। २०४८ सालदेखि २०८० सालसम्म यो वा त्यो रूपमा उनीहरूका लागि सांसद, मन्त्री र पार्टीको सम्मानित हैसियतमा रहने अवसर मिलिरहेकै छ।

सधैं झैं यस पटक पनि राजनीतिक दलले राष्ट्रिय सभाको आवश्यकताका आधारमा उम्मेदवार छनोट गरेका छन्। विदेश भ्रमण वा अन्य खालका प्रतिनिधित्वमा जस्तो महिला कोटामा पुरुष पठाउने प्रयत्न गरेका छैनन्। अपाङ्गका ठाउँमा कुनै न कुनै अङ्गमा खत वात लागेकै परेका छन्। जातीय आधार पनि मिलेकै छ। भूगोल पनि नमिलेको छैन। मधेश भूगोलको प्रतिनिधि मधेशी मूलकै हुनुपर्ने जिकिर गर्नेहरू प्रशस्त भेटिएका छन्। मधेशको भूगोलमा गैरमधेशी मूलका नागरिकको बसोबास वर्षौंदेखि रहँदै आएको छ। मधेश आन्दोलनका नाममा प्रताडित भएर पनि मधेशमा अरू मूलका मानिसको बाक्लै बसोबास छ। के मधेश भनेको मधेशी नागरिकको मात्रै राज्य हो ? अन्यथा यो प्रश्न प्रदेशको प्रतिनिधित्व नभएर मधेशीको प्रतिनिधित्व खोज्नेहरूले गरेको प्रश्न मात्र हुन पुग्छ।

राजनीतिक दलप्रतिको तेम्रो गुनासो, पेसागत तथा विषय विज्ञको प्रतिनिधित्व खोजिएन भन्ने छ। शिक्षक प्राध्यापक, कलाकार पत्रकार, मानव अधिकारकर्मी, कानून व्यवसायी आदि पेसा व्यवसायको प्रतिनिधित्व भएन भन्ने कतिपयलाई लागेको छ। राष्ट्रिय सभामा प्रतिनिधि सभामा प्रतिनिधित्व गर्न नपाएका वा नसकेका वर्ग र क्षेत्रलाई लगिनुपर्छ भन्ने मान्यता राख्दा उनीहरू मध्येबाट पनि उम्मेदवार खोजिनुपर्थ्यो भन्ने लाग्नु स्वभाविक हो। दुई-दुई पटक निर्वाचित संविधान सभाले संविधान लेख्दै गर्दा संविधान सभाका कतिपय सदस्यलाई राष्ट्रिय सभाको प्रतिनिधित्वका विषयमा त्यस्तो पनि लाग्यो होला। संविधानमा त्यस अनुरूप कुनै शब्द लेखिएन। सभासदको भावना के थियो, संविधानका अक्षरले बोल्दैन। यस बाहेक परिवारवादका विषय झिनामसिना मुद्दा मात्रै बने। ठुलै मुद्दा बन्ने गरी सबैलाई त्यो अवसर मिलेन।

नेपालको संविधान २०७२ अनुसार, सङ्घीय संसद् दुई सदनात्मक हुने व्यवस्था छ। त्यसमध्येको एक राष्ट्रिय सभा हो। संविधानको धारा ८६ अनुसार यो एक स्थायी सदन हो। यो सभा कहिल्यै रिक्त हुँदैन। पहिलो पटक निर्वाचित हुँदा हरेक प्रदेशबाट निर्वाचित हुने आठ सदस्य मध्ये तीन जना महिला, एक जना दलित, एक जना अपाङ्गता भएको व्यक्ति वा अल्पसंख्यक र बाँकी तीन जना अन्य समूह मध्येबाट छान्नु पर्छ। हरेक दुई वर्षमा एकतिहाइ सदस्य खाली हुँदै गर्दा राष्ट्रिय सभाको समानुपातिक समावेशी संख्यात्मक प्रतिनिधित्वको सन्तुलन नबिग्रने गरी खाली पदका आधारमा निर्वाचन हुनेछ। राष्ट्रपतिबाट मनोनयन हुने तीन मध्ये एक महिला हुनु पर्छ।

राष्ट्रिय सभाको उम्मेदवार हुन ३५ वर्ष उमेर पुगेको र फौजदारी सजाय नपाएको नेपाली नागरिक भए पुग्छ। केवल उसको नाम कुनै पालिकामा मतदाता सूचीमा भने हुनै पर्छ। अर्थात् ऊ अरू सबै तहका जनप्रतिनिधि छान्ने मतदाता चाहिँ हो, तर आफैंलाई छान्ने मतदाता चाहिँ हुँदैन। आफू मतदाता नहुने तर जनप्रतिनिधिको मत पाएर निर्वाचित हुने भाग्यमानीको पद राष्ट्रिय सभाको सदस्य नै हो। संविधान र राष्ट्रिय सभा निर्वाचन ऐनले यो भन्दा नयाँ परिकल्पना गरेकै छैन। संविधान नबोलेका विषयमा आफैं जाने बुझेर दलका नेताले काम गरेनन् भन्नु आफैंमा मूर्खता हो। कानूनका छिद्र खोजेर आफू र आफ्ना लागि स्पेस बनाउने नेताहरूबाट यस्तो अपेक्षा गर्नु नै गलत थियो।

प्रतिनिधि सभा निर्वाचनमा उम्मेदवार भएर पराजित भएको व्यक्ति त्यही कार्यकालका लागि अर्को पटक उम्मेदवार हुन पाउनुहुन्छ कि हुँदैन ? हुँदैन भने प्रतिनिधि सभामा पराजित व्यक्ति राष्ट्रिय सभाका लागि योग्य हुन सक्छ त ? यो प्रश्न गर्नेहरूका लागि वामदेव गौतम र नारायणकाजी श्रेष्ठको राष्ट्रिय सभामा रहेको उपस्थितिले जवाफ दिइसकेको छ। सङ्घीय संसद् भनेको प्रतिनिधि सभा र राष्ट्रिय सभाको संयुक्त रूप हो। सरकारको नीति तथा कार्यक्रम र बजेट प्रस्तुतिको समयमा संसद्को संयुक्त बैठक हुने गर्छ। प्रतिनिधि सभामा हारेको व्यक्ति राष्ट्रिय सभामा जाँदै गर्दा संयुक्त बैठकमा उपस्थित हुनुको अर्थ प्रतिनिधि सभामा उपस्थित सरह हुँदैन र ?

राजनीतिक दल कानूनका छिद्र खोजेर आफ्नो अनुकूल निर्णय गर्छन्, गराउँछन्। कुनै पनि व्यक्ति एकै पटक दुबै सदनको सदस्य हुन सक्ने छैन भनेर कानुनमा लेखिँदै गर्दा एउटा सदनका लागि हार्नुको अर्थ अर्को सदनका लागि अयोग्य हुनु हो भनिएन। त्यस्तो बुझिएन। बुझाउने गरी कानूनमा लेख्नु आवश्यक ठानिएन। चुनाव हार्दै गर्दा नेताहरूले आफू नागरिक मतबाट रिजेक्टेड भएको अनुभूत गरेनन्, केवल आफू जसरी पनि पदमा रहिरहनुपर्छ भन्ने बुझे।

सबै संसदीय अभ्यास भएका मुलुकमा दुई सदनको व्यवस्था छैन। संसद एक सदनात्मक वा दुई सदनात्मक हुनुको पनि अर्थ छ। दुई सदन हुनुको सामान्य अर्थ संसद कहिल्यै पनि शून्य अवस्थामा रहनु हुँदैन भन्ने हो। संसदीय व्यवस्थाको जननी मानिने बेलायतमा पनि दुई सदन छन्- हाउस अफ कमन्स र हाउस अफ लर्ड्स। पहिलोलाई तल्लो सदन र दोस्रोलाई माथिल्लो सदन भन्ने चलन छ। हाउस अफ लर्ड्सले हाउस अफ कमन्सले पारित गरेका विधेयक, सरकारको जवाफदेहिता, सरकारका सार्वजनिक नीति, कानून संशोधन गर्नुपर्ने कारण जस्ता विषयमा विशेष ध्यान दिन्छ। यसरी माथिल्लो सदनले सरकार र संसदबीचको सन्तुलनको काम गर्छ।

अमेरिकीमा पनि दुई सदनात्मक व्यवस्था छ- हाउस अफ रिप्रिजेन्टेटिभ र हाउस अफ सिनेट। सिनेटचाहिँ हाम्रो राष्ट्रिय सभा जस्तै हो। सन् १९१३ सम्म सिनेट सदस्य हरेक राज्यबाट दुई जनाका दरले त्यहाँका राज्य संसद्का सदस्यले निर्वाचित गर्ने गर्थे, तर त्यस यता सिनेटर पनि प्रत्यक्ष निर्वाचित हुने व्यवस्था गरिएको छ। अमेरिकामा सिनेटलाई हाउस अफ रिप्रिजेन्टेटिभभन्दा सम्मानजनक संसदका रूपमा लिइन्छ। सिनेट तल्लो सदनभन्दा कम राजनीतिक प्रभावमा रहने सदन मानिन्छ। नेपालमा कुनै पनि विधेयक दुवै सदनले पारित नगरेसम्म पारित भएको मानिँदैन। अमेरिकामा सिनेटलाई विशिष्ट अधिकार दिइएको हुन्छ। सन्धि, मन्त्रीपरिषद्का सदस्य, न्यायाधीश, राजदूतको नियुक्तिलाई सिनेटले अनुमोदन गर्नै पर्छ।

छिमेकी भारतमा पनि दुई सदनको संसद छ- लोक सभा र राज्य सभा। पाँच सय ५० सदस्यको लोक सभा रहेको भारतमा दुई सय ५० सदस्यीय राज्य सभा छ। राज्य सभा सदस्यलाई समानुपातिक प्रतिनिधित्वका आधारमा प्रान्तीय सांसदले निर्वाचित गर्छन्। यी दुई सय ५० मध्ये १२ जना चाहिँ कला, संस्कृति, विज्ञान, समाजसेवाका क्षेत्रबाट मनोनयन गर्ने व्यवस्था छ। राज्य सभालाई लोक सभाभन्दा विशेष अधिकार प्राप्त सदन मानिन्छ। देशका लागि आवश्यक पर्ने कुनै पनि कानून बनाउने अधिकार राज्य सभालाई छ र सर्वोच्च अदालतका न्यायाधीशको पदावधि समेत थपघट गर्ने अधिकार राज्य सभाले राख्छ।

नेपालको राष्ट्रिय सभा पनि माथि उल्लिखित मुलुक कै हाराहारीको माथिल्लो सदन हो। अझ हामी कहाँ स्थानीय तहमा निर्वाचित प्रमुख उपप्रमुख समेतले मतदान गर्न पाउने व्यवस्था गरेर जगैदेखिको लोकतान्त्रिक प्रतिनिधित्व गराइएको छ। यसमा हुने प्रतिनिधित्व र राजनीतिक दाउपेचले यसको मूल्य र महत्त्वलाई घटाएको छ। हामीले पनि असल नियतका साथ दुई सदनको कल्पना गरेका हौं। हाम्रो अभ्यासमा असल नियत देखिन अझै कति वर्ष लाग्ने हो ? अनुमान गर्न कठिन छ। *गोप*

विपन्न तथा सन्थाल समुदायका विद्यार्थीलाई ज्याकेट

भद्रपुर, माघ २। सामुदायिक विद्यालयमा अध्ययनरत् विपन्न तथा सन्थाल समुदायका छोराछोरीले जाडोको न्याय लुगा (ज्याकेट) पाएपछि दङ्ग परेका छन्।

बिर्तामोड नगरपालिका-८ देउनियाँस्थित शुक्रराज आधारभूत विद्यालयमा अध्ययनरत् सम्पूर्ण विद्यार्थीहरूलाई युवा व्यवसायी तथा समाजसेवी सञ्जीव घोष र उनकी श्रीमती पिँकी साहा घोषले विद्यालयमै पुगेर ज्याकेट वितरण गरेका थिए।

विपन्न तथा सन्थाल समुदायका विद्यार्थीहरूले जाडो मौसममा ज्याकेट पाएपछि उनीहरू खुशीले गदगद भएका थिए। घोष दम्पत्तीले ज्याकेट वितरणसँगै विद्यार्थीहरूलाई निःशुल्क दिवाभोज पनि खुवाएका थिए।

त्यस्तै बालरोग विशेषज्ञ डा. रविन रेग्मीले विद्यालयमै विद्यार्थीको स्वास्थ्य परीक्षण गर्नुका साथै निःशुल्क औषधि समेत वितरण गरेका थिए।

जाडो मौसममा विद्यालयका विपन्न तथा सन्थाल समुदायका छोराछोरीको दयनीय अवस्था हेरेर विद्यार्थीहरूलाई सहयोग गरिएको युवा व्यवसायी घोषले बताए। विद्यार्थीहरूलाई सहयोग गर्न पाउँदा मन आनन्दित भएको बताउँदै उनले भने- 'आगामी दिनहरूमा पनि यसरी नै सामुदायिक विद्यालयका विपन्न तथा गरीब विद्यार्थीहरूलाई सहयोग गर्छु।'

सामुदायिक विद्यालयका विद्यार्थीहरूको पारिवारिक अवस्था कमजोर हुन्छ। उनीहरूको शैक्षिक स्तर उकास्न सबैले सहयोग गर्नुपर्ने उनको भनाइ छ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष युवराज गौतमको अध्यक्षता भएको कार्यक्रममा प्रमुख अतिथि विद्यालयका पूर्व विद्यार्थी तथा अधिवक्ता स्वागत नेपालले विद्यालयका पुस्तकालयलाई ५० हजार बराबरको पुस्तक सहयोग गर्ने घोषणा गरेका छन्।

साथै विद्यालयमा अध्ययनरत् विद्यार्थीका परिवार र शिक्षकहरूमा मुद्दा परेको खण्डमा निःशुल्क वकालत गरी दिने प्रतिबद्धता पनि उनले जाहेर गरेका छन्। कार्यक्रममा वक्सिङ संघ झापाका सचिव तर्कराज राई, डा. रविन रेग्मी, दाता सञ्जीव घोष लगायतले मन्तव्य राखेका थिए।

कार्यक्रमको औचित्यमाथि विद्यालयका प्रधानाध्यापक सोमादेवी दुलालले प्रकाश पारेकी कार्यक्रमको सञ्चालन शिक्षक रमेश दुङ्गेलले गरेका थिए।

सूर्योदयमा 'मेयरसँग बालबालिका कार्यक्रम'

इलाम, माघ २। इलामको सूर्योदय नगरपालिकाले विद्यार्थीका लागि बाल बचत अभियान शुरु गरेको छ।

नगरभित्रका सामुदायिक र संस्थागत विद्यालयमा 'मेयरसँग बालबालिका कार्यक्रम' अन्तर्गत अनिवार्य बैङ्क खाता खोलेर बचत गर्न थालिएको हो। कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि तयार गरी बाल बचत अभियान सञ्चालनमा ल्याएको नगर प्रमुख रणबहादुर राईले जानकारी दिए। कार्यविधि अनुसार प्रत्येक विद्यार्थीले अनिवार्य बैङ्क खाता खोलेर दैनिक बचत गर्नुपर्ने र त्यसमा नगरपालिकाले साझेदारी गरिदिने भएको छ।

विद्यार्थीलाई बचत गर्ने बानी विकास गर्न यस्तो कार्यक्रम ल्याइएको उनले बताए। कार्यक्रममा कक्षा १ देखि कक्षा ६ सम्मका विद्यार्थी सहभागी हुन पाउने छन्। नगरपालिकाले सामुदायिक विद्यालयका विद्यार्थीका लागि राष्ट्रिय वाणिज्य बैङ्क र संस्थागत विद्यालयका विद्यार्थीका लागि हिमालयन बैङ्क लिमिटेडसँग सम्झौता गरेर काम अगाडि बढाएको छ।

'हामीले दुईवटा बैङ्कसँग सम्झौता गरेका छौं। ती बैङ्कले सबै विद्यार्थीको खाता शून्य ब्यालेन्समा खोलिदिनाका साथै रु. एक सय जम्मा गरिदिन्छ। विद्यार्थीहरुले त्यो खातामा प्रत्येक दिन न्यूनतम रु. पाँच जम्मा गर्नुपर्छ। थप रकम आफ्नो गच्छे अनुसार बचत गर्न सक्छन्। नगरपालिकाले विद्यार्थीको बचतको ब्याजमा दुई प्रतिशत रकम वार्षिक रूपमा एकमुष्ट जम्मा गरिदिन्छ।'- उनले भने।

कार्यक्रम अन्तर्गत नगरभित्रका सबै विद्यार्थीले बैङ्क खाता खोलिसकेका छन्। सामुदायिक विद्यालयका एक हजार ५० र संस्थागत विद्यालयका दुई हजार दुई सय विद्यार्थीले बैङ्क खाता खोलिसकेको युवा, खेलकुँद तथा शिक्षा शाखा प्रमुख योगनिधि भट्टराईले बताए। उक्त नगरपालिकामा एक क्याम्पस, ६३ वटा सामुदायिक विद्यालय, ३० वटा संस्थातग विद्यालय र ५५ वटा बालविकास केन्द्र छन्।

दानाबारी रेडक्रसको १९औं सभा

माई, माघ २। नेपाल रेडक्रस सोसाइटी दानाबारी उपशाखाको १९औं वार्षिक साधारणसभा सम्पन्न भएको छ।

सभाको उद्घाटन गर्दै माई नगरपालिका प्रमुख खम्बा सिं लिम्बूले रेडक्रस निश्वार्थ स्वयम्सेवी संस्था भएकोले स्थानीय सरकारले साथ र सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे। उनले रेडक्रसकर्मीहरुले गरेको योगदानको प्रशंसा गर्दै माई अस्पतालमा ब्लड बैंक स्थापना गर्न रेडक्रस लगायतका सरोकारवालालाई आग्रह गरेका छन्।

मेयर लिम्बूले सम्मानित संस्था सानिमा हाइड्रोपावर तर्फ संकेत गर्दै राष्ट्रिय आयमा र साझेदारी कार्यक्रममा उल्लेखनीय योगदान रहे पनि हाइड्रोपावर निर्माणपछि जलचर एवम् प्रकृतिक जीवजन्तु हराउँदै गएकोमा दुःख व्यक्त गरे। साधारणसभामा शाखाको वार्षिक प्रगति प्रतिवेदन तथा प्रस्तावित कार्यक्रम शाखाका सचिव हरिप्रसाद गुरागाँई र आर्थिक प्रगति प्रतिवेदन तथा प्रस्तावित वजेट कोषाध्यक्ष सेतु तामाङले प्रस्तुत गरेका थिए।

रेडक्रस दानाबारी उपशाखा सभापति मित्रप्रसाद गौतमको अध्यक्षता, उपाध्यक्ष रञ्जना थापाको स्वागत रहेको कार्यक्रमको सञ्चालन सचिव हरिप्रसाद गुरागाँईले गरेका थिए।

कार्यक्रममा विगत १५ वर्षदेखि रेडक्रससँग हरेक सामाजिक गतिविधिमा सहकार्य गर्ने सानिमा माई हाइड्रोपावर लिमिटेड माईलाई सम्मान गरिएको थियो। सभामा प्रमुख अतिथि लिम्बू, विशेष अतिथि नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा इलामका कोषाध्यक्ष विजय शेखर भट्टराई, सम्मानित हाइड्रोपावर लिमिटेडका अधिकृत गुरागाँई लगायतले शुभकामना मन्तव्य राखेका थिए।

प्रहरी कार्यालय झापाका डीएसपी रिजालको अवकाश

झापा, माघ २। जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी नायव उपरीक्षक (डीएसपी) तथा सूचना अधिकारी खगेन्द्रप्रसाद रिजालले सोमबारदेखि अनिवार्य अवकाश पाएका छन्।

धरान-१२ चतरालाइन निवासी रिजालले २०५१ साल भदौ १६ गते प्रहरी सहायक निरीक्षकको रुपमा प्रहरी सेवामा प्रवेश गरेका थिए। उनी सितोरियो कराटेका अन्तर्राष्ट्रिय खेलाडी हुन्। धरान बाँस्केट बल संघका संस्थापक सदस्य रहेका रिजाल हाल सुनसरी बाँस्केटबल संघका सल्लाहकार रहेका छन्।

सूचना अधिकारी (प्रवक्ता)को रुपमा काम गर्दा झापाका सञ्चारकर्मीहरूले आ-आफ्नो ठाउँबाट गरेको सहयोग अतुलनीय र अविस्मरणीय रहेको बताउँदै उनले धन्यवाद दिएका छन्। सेवा निवृत्तपछि पत्रकारिता गर्ने आफ्नो चाहना रहेको उनले बताएका छन्।

सरस्वती मूर्तिको आकृति दिँदै कालिगढ : सुनसरीको इनरुवामा सरस्वती मूर्तिको आकृति दिँदै कालिगढ विनोदकुमार यादव । सरस्वती मूर्तिको आकार अनुसार दुई हजार पाँच सयदेखि १८ हजार रुपैयाँसम्ममा बिक्री हुने उनी बताउँछन् । *तस्वीर : रासस*

‘किराया’ अर्जुनधाराले भवन निर्माण गर्ने

अर्जुनधारा, माघ २। किरात राई यायोक्खा अर्जुनधारा नगर कार्यसमितिले भवन निर्माण गर्ने भएको छ ।

यलम्बर सम्वत् ५०८४ को अवसरमा सोमबार भवन निर्माण स्थलमा नगर प्रमुख बलदेवसिंह गोम्देन तामाङ र अर्जुनधारा-९ का वडाध्यक्ष भीष्म मिश्रले शिलान्यास गरेका थिए ।

अर्जुनधारा-९ मा रहेको संस्थाको भवन हाल जीर्ण अवस्थामा रहेको र दाताहरुबाट भवन निर्माण गर्न सहयोग रकम जुट्न शुरु भएको हुँदा कार्यसमितिले भवन निर्माण गर्ने निर्णय गरेको अध्यक्ष विजय साङपाङ राईले बताए ।

अनुमानित ४० लाख रुपैयाँको लागतमा निर्माण हुने उक्त भवन सुविधासम्पन्न सभाहलसहित दुई तलाको हुने समितिका सचिव सिंहबहादुर राईले जानकारी दिए । भवन निर्माण गर्न हाल अमेरिकामा रहेका युवा व्यवसायी मनोज राईबाट सात लाख रुपैयाँ, अर्जुनधारा नगरपालिकाबाट पाँच लाख रुपैयाँ, अध्यक्ष विजय साङपाङ राईबाट दुई लाख रुपैयाँ, ९ नं. वडा कार्यालयबाट एक लाख रुपैयाँ, हाल बेलायतमा रहेका चन्द्र बान्तवा राईबाट एक लाख रुपैयाँ प्राप्त हुने बताइएको छ ।

बहुउद्देश्यीय प्रयोजनमा प्रयोग हुने उक्त भवनको निर्माण कार्य आगामी दुई वर्षभित्र सम्पन्न गर्ने समितिको लक्ष्य रहेको छ । यसैबीच यलम्बर सम्वत् ५०८४को अवसरमा किराया अर्जुनधाराले शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न गरेको छ ।

समितिको कार्यालय सभाहलमा अध्यक्ष विजय साङपाङ राईको अध्यक्षतामा आयोजित कार्यक्रमको प्रमुख अतिथि किराया झापाका अध्यक्ष गणेश राईले उद्घाटन गरेका थिए ।

सोही कार्यक्रममा जग्गादाता स्थानीय बलबहादुर कुमाल र समितिकी सदस्य एवम् दाता अर्जुनधारा-४ निवासी मीना राईलाई सम्मान पत्रबाट सम्मानित गरिएको थियो । त्यसैगरी कार्यक्रममा सहभागीहरुको लागि बाघचाल, छेलो हान्ने, हाजिरी जवाफ लगायतका खेलहरु सञ्चालन एवम् मौलिक खानाका परिकारहरु वितरण गरिएको थियो ।

कार्यक्रममा किराया झापाका सल्लाहकार समर थुलुङ राई, सदस्य गौरीमान राई, अग्रज पत्रकार दिपीन राई लगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए । समितिका सल्लाहकार क्या.शिवकुमार चाम्लिङ राईले स्वागत गरेको उक्त कार्यक्रमको सञ्चालन सिंहबहादुर राईले गरेका थिए ।

३० जना महिलालाई साडी र टाउजर

बिर्तामोड, माघ २। अर्जुनधारा नगरपालिका वडा नम्बर ५ का ३० जना महिलाहरुलाई साडी र टाउजर वितरण गरिएको छ ।

मेचीनगर-१ बस्ने सामाजिक व्यक्तित्व महावीर अग्रवालले स्व. श्रीमती रामकली अग्रवालको स्मृतिमा ३० जना आमाहरुलाई सारी वितरण गरेका हुन् ।

अर्जुनधारा-५ स्थित बिहीबारे बजारको दुर्गा हरिहर किर्तन समुहको समन्वयमा अग्रवालले ज्येष्ठ महिला, विपन्न, दलित, जनजाति समुदायका महिलाहरुलाई

३० थान साडी वितरण गरेका हुन् ।

दुर्गा हरिहर किर्तन समूहका अध्यक्ष गोपाल बस्नेतको अध्यक्षतामा अर्जुनधारा-५ बिहीबारे बजारस्थित सामुदायिक भवनमा अग्रवालले ज्येष्ठ आमाहरुलाई साडी र टाउजर वितरण गरेका हुन् । अग्रवालकी श्रीमतीको करिब दुई बर्षअघि निधन भएको थियो ।

श्रीमतीको निधनपछि उनको सम्झनामा अग्रवालले प्रत्येक वर्ष समाजका ज्येष्ठ आमाहरुलाई साडी लगायतका अन्य सामग्री समेत वितरण गर्दै आएका छन् ।

सोही क्रममा यस बर्ष पनि अर्जुनधारा-५ का ३० जना ज्येष्ठ महिलाहरुलाई साडी वितरण गरेको अग्रवालले बताए । कार्यक्रमको सञ्चालन दुर्गा हरिहर किर्तन समूहका सचिव अर्जुन रेग्मीले गरेका थिए ।

अन्तरपालिका टी-२० क्रिकेट

बुधबारे, माघ २। बर्खा स्मृति प्रतिष्ठान बुद्धशान्तिले प्रथम झापा जिल्ला अन्तरपालिका टी-२० क्रिकेट प्रतियोगिताको आयोजना गर्ने भएको छ ।

पत्रकार सम्मेलन गर्दै आगामी फागुन २ गतेदेखि १२ गतेसम्म प्रतियोगिता गर्न लागिएको प्रतिष्ठानका अध्यक्ष मदन प्रसाईंले बताएका छन् । झापा जिल्लाका १५ वटै पालिकाको सहभागी हुने प्रतियोगितामा बिजेताले नगद एक लाख रुपैयाँ, मेडल, ट्रफी, प्रमाणपत्र पाउने छ भने उपबिजेताले नगद ५० हजार र मेडल, ट्रफी, प्रमाणपत्र पाउने बताइएको छ ।

खेल टी-२० को नियम अनुसार हुनेछ । अध्यक्ष प्रसाईंका अनुसार प्रत्येक टीममा १५ जना खेलाडीहरु हुने छन् । जसमा ११ जना मुख्य खेलाडी र चार जना वैकल्पिक रहने छन् । खेलमा म्यान अफ् दी म्याचलाई दुई हजार, फाइनलको दिन म्यान अफ् दी म्याचलाई पाँच हजार र म्यान अफ् दी सिरिजलाई १० हजार पुरस्कार दिइने छ ।

सोही अवसरमा खेल तालिका समेत चिट्ठा मार्फत सार्वजनिक गरिएको छ । पोल (ए) र पोल (बी) गरी खेला तालिका सार्वजनिक गरिएको हो । पहिलो खेल कनकाई नगरपालिका र बाह्रदर्शी गाउँपालिकाबीच हुनेछ । दोस्रो खेल हल्दिबारी र गौरीगञ्ज गाउँपालिका, तेस्रो खेल बुद्धशान्ति गाउँपालिका र मेचीनगरपालिका, चौथो खेल झापा गाउँपालिका र गौरादह नगरपालिका, पाँचौ खेल शिवसताक्षी र कमल गाउँपालिका, छैठौं खेल भद्रपुर र दमक नगरपालिका, सातौं खेल अर्जुनधारा र कचनकवल गाउँपालिका बिच हुने बताइएको छ । बिर्तामोड नगरपालिका भने बाईमा परेको छ । खेल बुद्धशान्ति-२ स्थित पेट्रोल पम्प छेउको खुला मैदानमा हुनेछ ।

प्रतिष्ठानका अध्यक्ष मदन प्रसाईंको अध्यक्षता तथा झापा जिल्ला क्रिकेट संघका अध्यक्ष प्रविन थापाको प्रमुख आतिथ्य, क्रिकेट संघ कोशी प्रदेशका सदस्य नारद नेपालको बिशिष्ट आतिथ्य, झापा जिल्ला क्रिकेट संघका कोषाध्यक्ष तुलानाथ दाहालको बिशेष आतिथ्यमा खेल तालिका सार्वजनिक गरिएको थियो ।

खेल तालिका सार्वजनिक कार्यक्रमको सहजिकरण गोकुल पौडेलले गरेका थिए । कार्यक्रमको सञ्चालन प्रतिष्ठानका सचिव मदन मगरले गरेका थिए ।

आपतविपदमा परेकाहरूलाई सहयोग गर्ने साथै बालबालिकाहरूको शिक्षा, स्वास्थ्य लगायतका सामाजिक क्षेत्रमा कार्य गर्ने स्थापना भएको यस प्रतिष्ठानले ५० लाख अक्षयकोष र २० लाख कार्यालय व्यवस्थापनका लागि गरेर ७० लाख रुपैयाँको अक्षयकोष स्थापना गरेको छ ।

साधुटारमा महायज्ञ

बिर्तामोड, माघ २। अर्जुनधारामा रहेको श्रीशङ्कराचार्यपीठमा एकादशाह महायज्ञ शुरु भएको छ ।

अर्जुनधारा-१ स्थिट साधुटारमा रहेको श्रीशङ्कराचार्यपीठमा माघ १ गतेबाट महायज्ञ शुरु भएको श्रीशङ्कराचार्य पीठ वेद वेदाङ्ग संस्कृत पाठशालाका अध्यक्ष लक्ष्मीप्रसाद खतिवडाले जानकारी दिए ।

माघ ११ गतेबाट सञ्चालन हुने महायज्ञको प्रमुख कथाव्यासका रुपमा आचार्य सोमनाथ गौतम र उपव्यास पण्डित काशीनाथ न्यौपाने रहने बताइको छ । संस्थाको ४८औं वार्षिकोत्सवको अवसरमा १०८ स्वामी विजयानन्द सरस्वती महाराजको सान्निध्यमा श्रीलिङ्ग महापुराण पाठकथा प्रवचन आत्मशान्ति महारुद्रात्मक एकादशाह विराट ज्ञानमहायज्ञ आयोजना गरिएको बताइएको छ ।

ऐतिहासिक पुण्यभूमि साधुटारमा विद्यमान अध्यात्म साधकहरुको तपस्थली, वैदिक सनातन धर्मको वटवृक्ष, संस्कृत वाङ्मय प्रवाहित क्षेत्रका रुपमा रहेको साधुटारमा महायज्ञको आयोजना गरिएको बताइएको छ । माघ १ गते वरुणयात्रा, पूर्वाङ्ग, २ गते यज्ञ समुद्घाटन गरिएको पुराण ११ गते समापन गरिने बताइएको छ ।

स्वधर्म जागरण अध्यात्म प्रचार, दैनिक रु. १ दान ११ करोडको अक्षयकोष स्थापना महाअभियान विस्तार, गुरुकुल संस्थाको सर्वाङ्गिण विकास लगायतका उद्देश्यका साथ महायज्ञको आयोजना गरिएको अध्यक्ष खतिवडाले बताए ।

हतुवागढीको माइबेनी ओझेलमा

भोजपुर, माघ २। भोजपुरको सबैभन्दा होचो स्थानमा रहेको प्रसिद्ध धार्मिक स्थल माइबेनी ओझेलमा परेको छ ।

धार्मिक महत्व बोकेको यो पर्यटकीय स्थल प्रचारप्रसार अभावले ओझेलमा परेको हो । समुद्री सतहबाट एक सय ५३ मिटर उचाइमा रहेको यो स्थान हतुवागढी-९ हसनपुरमा रहेको छ । दूधकोशी र अरुण नदीको सङ्गमस्थलमा रहेको माइबेनीमा दर्शन गरे मनोकांक्षा पूरा हुने धार्मिक विश्वास छ ।

दशक अघिसम्म यहाँ भव्य मेला लाग्ने गरेको भए पनि पछिल्लो समय मेला लाग्न छाडेको स्थानीय ७० वर्षीय अशोक राईले बताउँछन् । यहाँ कात्तिक पूर्णिमा र माघे सङ्क्रान्तिमा ठूलो मेला लाग्छ । माइबेनीमा दर्शन गर्न तथा मेला भर्न भोजपुर, उदयपुर, धनकुटा लगायत देशका विभिन्न ठाउँबाट भक्तजन आउने गरेका छन् । खासगरी मानिस माइबेनीको दर्शनसँगै नदी पूजा गर्नका लागि यहाँ आउने गरेको राईले बताए ।

माइबेनीको विकास तथा संरक्षणका लागि ध्यान दिँदै आएको हतुवागढी गाउँपालिकाले जनाएको छ । यहाँ पुग्नका लागि कोप्चेबाट अप्ठ्यारो ठाउँमा पदमार्ग निर्माण तथा मन्दिरको संरक्षणसँगै घेराबारा गरिएको छ । माइबेनी क्षेत्रको बृहत्तररूपमा विकास गर्ने लक्ष्य रहेको गाउँपालिका अध्यक्ष प्रेमकुमार राईले बताए । यसलाई गाउँपालिकासँगै जिल्लाको मुख्य धार्मिकस्थल तथा पर्यटकीय क्षेत्रका रूपमा विकास गर्ने योजना छ ।

माइबेनीबाट किरातको आस्थाको केन्द्र खुवालुङ, अरुण, दूधकोशी र तमोर नदीको सङ्गमस्थल त्रिवेनी तथा बराहक्षेत्र नजिकै पर्ने भएकाले यसको बृहत्तर विकासमा जोड दिइएको अध्यक्ष राईको भनाइ छ ।

‘एनआईबिएल स्टेवल फण्ड’को सार्वजनिक

झापा, माघ ३। नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेड, कोष प्रबर्द्धक तथा एन आइ एम बि एस क्यापिटल लि. योजना व्यवस्थापक तथा डिपोजिटरी रहेको ‘एनआईबिएलम्युचुअल फण्ड’ अन्तर्गत सञ्चालन हुने छैठौं योजना ‘एनआईबिएल स्टेवल फण्ड’को सार्वजनिक निश्कासन शुरु भएको छ ।

यस योजना सञ्चालन गर्ने अनुमति नेपाल धितोपत्र बोर्डबाट यही मिति २०८० मंसीर २१ गते प्राप्त भएको थियो । यस योजनाको आकार एक अर्ब र समयावधि १२ वर्षको रहेको छ र यो हालसम्मकै सबैभन्दा लामो अवधि भएको बन्दमुखी योजना समेत रहेको बताइएको छ । योजनाको अवधिभर यस योजनाले वार्षिक प्रतिफलको रुपमा १६.१८ प्रतिशत प्रतिफल आफ्ना इकाई धनीहरुलाई दिन सक्ने प्रक्षेपण समेत गरेको छ ।

योजनाको सार्वजनिक निश्कासन मिति २०८०/१०/०२ देखि छिटोमा २०८०/१०/०५ र ढिलोमा

२०८०/१०/१६ गतेसम्म रहने छ र इच्छुक लगानीकर्ताहरुले (व्यक्ति तथा संस्था) यस योजनामा न्यूनतम एक हजारदेखि अधिकतम रु. १० करोडसम्म लगानीका गर्न सक्ने कम्पनीले जनाएको छ ।

लगानीकर्ताहरुले आफ्नो सी-आश्वा खाता रहेको बैंक वा मेरो शेयरमा लगईन गरी अनलाईन आवेदनदिन सक्नेछन् । योजनाको विवरण पुस्तिका एनआइएमबी एस क्यापिटल लि.को वेवसाईट www.nimbacecapital.com तथा नेपाल धितोपत्र बोर्डको वेवसाईट www.sebon.gov.np मा समेत राखिएको छ ।

‘एनआईबिएलम्युचुअल फण्ड’ अन्तर्गत यसअघि नै चार बन्दमुखी योजना तथा एक खुलामुखी योजना समेत सञ्चालनमा रहेको र (१) ‘एनआईबिएल समृद्धि फण्ड’ आफ्नो सात वर्ष समयावधि पूरा भई परिपक्व भई सकेको र हाल अन्य तीन बन्दमुखी योजना, एनआईबिएल प्रगति फण्ड, एनआईबिएल समृद्धि फण्ड (२) तथ एएनआईबिएल ग्रोथ फण्ड समेत सञ्चालनमा रहेको छ । साथै नेपालकै पहिलो खुलामुखी योजना ‘एनआईबिएल सहभागिता फण्ड’ पनि यसै म्युचुअल फण्ड अन्तर्गत सञ्चालनमा रहेको छ ।

‘एनआईबिएल स्टेवल फण्ड’का इकाईहरु नेपाल स्टक एक्सचेन्जमा सूचिकृत भई योजनाको समयवधिसम्म इकाईहरु दोश्रो बजारमा खरिद तथा बिक्री गर्न सकिने कम्पनीले जनाएको छ ।

प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
कोशी प्रदेश
स्वास्थ्य निर्देशनालय
स्वास्थ्य कार्यालय पाँचथर

जनशक्ति करार सेवामा पुर्ति गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८०/१०/०३

यस स्वास्थ्य कार्यालय पाँचथर अन्तर्गत बिभिन्न सेवामा तपशिल बमोजिमका पदमा कर्मचारीहरु २०८१ असार मसान्तसम्मको लागि करार सेवामा नियुक्ति गर्नुपर्ने भएकाले योग्य व्यक्तिले कुनपदको लागि करार सेवा दिन चाहेको हो सो समेत खोली यो सुचना प्रकाशित भएको १५ दिनभित्र फाराम दर्ता गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

पद	सेवा	पूर्ति गरिने संख्या
प. हे. न.	करार	१ जना
कोल्डचेन असिष्टेन्ट	करार	१ जना

शैक्षिक योग्यता : सम्बन्धित कोर्ष उत्तीर्ण गरी मान्यता प्राप्त सम्बन्धित व्यवसायी परिषदबाट प्रमाणपत्र प्राप्त गरेको हुनुपर्नेछ ।
सेवासुविधा : नेपाल सरकारको सम्बन्धित तहको नियमानुसार करकट्टी गरी भुक्तानी गरिने छ ।
परीक्षाको किसिम : लिखित, तथा मौखिक हुनेछ ।
विस्तृत जानकारीको लागि कार्यालयमा सम्पर्कः- ०२४-५२२०९० गर्नुहोला ।

स्वास्थ्य कार्यालय पाँचथर
करार पदपूर्ति समिति

उच्च गुणस्तर सुलभ मूल्य
सयपत्री बालुवा प्रशोधन उद्योग
यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ ।
सम्पर्क :
९८०४९५४४००, ९८६६२४२४६६
अर्जुनधारा नगरपालिका- ४ झापा

डिजिटल तराजु
विशेष छुटमा

Barnet Weighing Scale
सुरुङ्गा कनपा-३, झापा
Mob : 9810405794, 9802742456

हाड जोर्नी नसाका बिरामीलाई सुवर्ण अवसर काठमाडौंका विशेषज्ञ बिर्तामोडमा
स्पार्क अस्पताल काठमाडौंका बरिष्ठ **डाक्टर अनिलकुमार महतो** यही **माघ ६ गते शनिबार** स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोडमा आउँदै हुनुहुन्छ । आफ्नो समस्या जाँच गराई मौकाको फाइदा लिनुहोस् ।
जाँच हुने समस्याहरु :
- ढाड, कम्मर, गर्दन । घुँडा, जोर्नीहरु दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको
- शरीर झम्झमाउने, लाटो हुने, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको

समय : बिहान ८:०० देखि ३:००
स्पार्क पूर्वाञ्चल अस्पताल,
कनकाई रोड, नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा
(फोन : ०२३-५३०१२३, ९८५२९७५०३३, ९८१४०३२६६२

ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -
समय दिन नसक्दा बन्न लागेको काम बिग्रन सक्ला, व्यवसायमा नोक्सानी व्यहोर्नुपर्ला, भैपरी आउने खर्चले चिन्ता बढाउन सक्ला ।

बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -
कार्यसिद्धी हुने दिन छ, मान-सम्मानमा वृद्धि हुने, स्वास्थ्यले, भाग्यले साथ दिनेछ, थोरै पारिवारिक झमेला व्यहोर्नुपर्ने हुनसक्छ ।

मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -
बुद्धिको उपयोगले विद्या तथा धन आर्जन गर्ने समय रहेको छ, आफ्नो विचारले धेरैलाई प्रभावित बनाउन सकिने छ, शुभ खबर सुन्न पाइने छ ।

कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -
समय अनुकूल रहेको छ, नयाँ कामको प्रश्ताव आउनेछ, बोलिको भरमा अधुरो कामहरू फत्ते भएर जानेछन्, मन प्रसन्न रहला ।

सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -
आजको दिन सामान्य रहने छ, धार्मिक अभिरूची बढेर जानेछ, पैतृक सम्पत्तिमा वादविवादको योग रहेको छ, सतर्क रहनुहोला ।

कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -
अधुरा रहेका कामहरू सिद्ध हुने दिन आएको छ, उच्च अधिकारीबाट साथ, सहयोग र हौसला मिल्नेछ, मन हर्षित हुनेछ ।

तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -
आजको दिन मिश्रित फलदायी छ, टाउको तथा आँखा सम्बन्धी समस्याले सताउन सक्छ, सन्तान पक्षबाट सहयोग प्राप्त हुनेछ ।

बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -
समय बलवान रहेको छ, अपरान्नपछि खानपानमा ध्यान दिनुहोला, साथीभाइसँग छोटो दुरीको रमाइलो यात्रा हुनेछ, मन प्रशन्न रहला ।

धनु (ये, यो, भ, मि, भु, ध, फा, ढ, भे) -
यथेष्ट धन लाभको योग छ, बोली तथा वाणीको प्रभावमा वृद्धि हुनेछ, मिष्ठान्न भोजनको योग छ, मन प्रफुल्ल रहला ।

मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -
आज तपाईको मन अशान्त रहन सक्छ, पारिवारिक कारणले मनमा चिन्ता बढ्नेछ, व्यर्थको यात्रा गर्नुपर्नेछ, खर्चिलो योग रहेको छ ।

कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -
बोल्दा विचार पुऱ्याउनुहोला, नयाँ वश्त्र प्राप्तिको योग छ, पराक्रममा वृद्धि होला, आफन्तजनको सहयोग प्राप्ति होला ।

मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -
सन्तान पक्षबाट सुखद् खबर सुनिनेछ, नचिताएको ठाउँमा यात्रा हुन सक्नेछ, प्रेम सम्बन्ध कसिलो बनेर जानेछ ।